आज मिति २०८० मंसिर ०९ गते शनिबारका दिन यस देवचुली नगरपालिकाका नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा ३२ औ कार्यपालिका बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | |
| २८ | श्री मुकुन्द शर्मा | सदस्य सचिब | |

CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

अन्य उपस्थिती हरु

| | | |
|---|---|---|
| श्री | जिवलाल श्रेष्ठ | अधिकृत स्तर आठौं दे.न.पा |
| श्री | राम कुमार श्रेष्ठ | जनस्वास्थ्य अधिकृत " |
| श्री | अविनाश पन्थी | अधिकृत स्तर सातौं " |
| श्री | टिकाराम बस्याल | " " " " |
| श्री | नन्दलाल ढकाल | " " " " |
| श्री | शिव सापकोटा | " " " " |
| श्री | कृष्ण प्रसाद पौडेल | " " " " |
| श्री | गगन भट्टराई | अधिकृत स्तर छैठौं |
| श्री | विमला लम्साल | " " " |
| श्री | कृष्णहरि सापकोटा | " " " |
| श्री | संगिता पौडेल सापकोटा | " " " |
| श्री | अनिल ज्ञवाली | " " " |
| श्री | अनिता काफ्ले | लेखापाल दे.न.पा |
| श्री | संगम पौडेल | एम आई एस अपरेटर |
| श्री | विद्या पौडेल | पोषण सहजकर्ता |

३२औं कार्यपालिका बैठक/२०८० मंसिर ०९

छलफलका विषय

१. समिक्षा बैठकमा प्रस्तुत भएका प्रस्तुतिको "कम्पाइल्ड कपि" कार्यपालिका सदस्यहरुलाई अध्ययनका लागि वितरण गर्ने,

२. नगर क्षेत्रभित्रका निजी/ऐलानी/सार्वजनिक जग्गाबाट ढुङ्गा-माटो उत्खनन् सम्बन्धमा,

३. राजस्व व्यवस्थापन सम्न्धमा,

(क.) वडागत राजस्व असुलीको अवस्थाबारे जानकारी,

(ख.) ढुङ्गा-गिट्टी लगायत अनुगमन कार्यका लागि टोली निर्माण र खटनपटन सम्बन्धमा,

(ग.) पर्यटन शुल्क संकलन सम्बन्धमा,

(घ.) मध्यवर्ती क्षेत्रको ठेक्कामा निकासी हुने ढुङ्गा-गिट्टी-बालुवामा नगरसभाबाट निर्धारित रद-रेट अनुसार निकासी कर लगाउने सम्बन्धमा,

(ङ.) लोकाहा तथा बौलाहा खोलामा रहेको स्टक सम्बन्धमा,

(च.) हालसम्म स्टक प्रमाणित भईसकेको अनुगमन तथा ढुङ्गा-गिट्टी आदी नयाँ ठेक्का वा उत्खननको तयारी सम्बन्धमा,

४. झोलुङ्गे पुल निर्माण सम्बन्धमा,

(क.)नयाँ छाप वडा नं. ६

(ख.)घुमाउरी पार्क वडा नं. ९

(ग.)धन्नजय भञ्जाङ् वडा नं. ६ र ८

५. विद्यालय व्यवस्थापन (विद्यालयले विहान ७;०० बजे देखी विद्यार्थी ओसारेको) सम्बन्धमा,

६. जग्गाको विषय:

- साविक प्रगतिनगर गाउँपञ्चायतको नाममा लालपूर्जा भएको
- जग्गा वर्गिकरणको [illegible]ताको म्याद थप सम्वन्धमा,

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

७. पशु सेवा कार्यक्रम कार्यान्वयन

- कुकुरको बन्ध्याकरण,
- रेविज रोगबारे सबै विद्यालयमा जनचेतना कार्यक्रम संचालन सम्बन्धमा,

८. स्थानीय विदा सम्बन्धमा,

९. देवचुली जेसिसलाई देवचुली डाँडा पर्यटन सप्ताहको रकम उपलब्ध गराउने सम्वन्धमा,

१०. बहुक्षेत्रीय पोषण योजना कार्यक्रमको कार्ययोजना सम्बन्धमा,

११. सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको जग्गा नाप जाँचका लागी आवश्यक दुई (२) थान टोटल स्टेशन मेशिन भाडामा लिने सम्बन्धमा,

१२. चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम प्राथमिकीकरण सम्बन्धमा,

१३. फोहरमैला व्यवस्थापन सम्बन्धमा,

क. हालको अस्थायी व्यवस्था

ख. औषधिजन्य फोहर

ग. औद्योगिक फोहर

घ. दीर्घकालिन व्यवस्था

क. व्यवसाय कर उठाउने सम्बन्धमाः नयाँ व्यवसाय दर्ता तथा नविकरण,

१४. देवंचुली डाँडा पर्यटन पदमार्ग निर्माण सम्बन्धमा,

१५. सडक वोर्ड नेपालको योजना कार्यान्वयन सम्बन्धमा,

१६. विविध

क. देवचुली-१२ निवासी युवराज भुर्तेललाई छात्रवृत्ति रकम उपलब्ध गराउने

ख. नारी साहित्य समाज देवचुली-१५, लाई सहयोग रकम उपलब्ध गराउने

ग. ३२औं अपाङ्गता दिवस मनाउने,

घ. नेपाल राष्ट्रिय अभिभावक संघलाई सहयोग रकम उपलब्ध गराउने,

ङ. राजपत्र प्रकाशन सम्बन्धमा,

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

देवचुली नगरपालिकाको बत्तीसौं कार्यपालिका बैठकबाट देहायका निर्णयहरु सर्वसम्मत रुपमा गरियो।

१. एकतिसौं कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने।

२. आ.व. २०८०/०८१ को प्रथम त्रैमासिक समिक्षा बैठकमा प्रस्तुत भएका प्रतिवेदनको संक्षिप्त प्रति नगर कार्यापालिकामा जानकारी भयो।

३. मिति २०८०/०७/०२ को ३० औ कार्यापालिका बैठकको निर्णय नं. १२ अन्तर्गत देवचुली -०४ अन्तर्गत विनियोजित ११ लाख रकमको बारीको सम्झौता मिलाउने क्रममा सर्वप्रथम उक्त योजनाको प्रारम्भिक वातावरणीय परिक्षण तयार गरी स्वीकृती पश्चात मात्र प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

४. राजस्व व्यवस्थापन:

(क.) चालु आ.व. को वडागत राजस्व असुलीको अवस्थाबारे जानकारी भयो।

(ख.) नगरक्षेत्रभित्र प्राकृतिक स्रोतको अवैध उत्खनन् र चोरी-निकासीको समस्या अत्याधिक रहेको भन्ने गुनासो रहेकोमा संवेदनशिल क्षेत्र पहिचान गरी अनुगमन गर्न नगरपालिकाको कार्यालयले २ जना नगरप्रहरी परिचालन गर्ने र यस कार्यमा सहयोग गर्न १/१ जना प्रहरी नगरप्रहरी संगै परिचालन हुनेगरी खटन-पटन गरिदिन दलदले प्रहरी इकाई र रजहर प्रहरी चौकीलाई अनुरोध गर्ने। साथै सवै वडा अध्यक्ष ज्यूहरुले वडा समितिका सदस्यहरु परिचालन गरी निग्रानी बढाई चोरी निकासी भएको पाईएमा प्रहरी समेतको सहयोग लिई कारवाही अगाडि बढाउने व्यवस्था मिलाउने ।

(ग.) यस नगरक्षेत्रभित्र पर्ने निकुञ्ज र मध्यवर्ती क्षेत्रमा हुने पर्यटकीय गतिविधिमा पर्यटन शुल्क संकलन कार्यका लागि आवश्यक समन्वय गर्न वडा नं. १७ का वडा अध्यक्षलाई नगदी रसिद सहित जिम्मेवारी दिने।

(घ.) मध्यवर्ती क्षेत्रको ठेक्कामा निकासी हुने ढुङ्गा-गिट्टी-बालुवामा नगरसभाबाट निर्धारित दर-रेट अनुसार निकासी कर लगाउने सम्बन्धमा चितवन राष्ट्रिय निकुञ्ज कार्यालय कसरा तथा मध्यवर्ती उपभोक्ता समितिसँग आवश्यक समन्वय गरी राजस्व असुलीका लागि वडा नं १७ का वडा अध्यक्षलाई नगदी रसीद सहित जिम्मेवारी दिने ।

(ङ.) वडा नं. १३ बौलाहा खोलाबाट स्टक गरिएको खोलाजन्य सामग्रीको हकमा स्टक बिक्रीको लागि ३ (तिन) पटक सम्म सुचना प्रकाशित हुँदा समेत कुनै प्रस्ताव प्राप्त हुन नसकेकोमा उक्त स्टक नगरभित्रका योजनाहरुमा नियमानुसार राजस्व दाखिला गरी उपयोग गर्ने साथै लोडिङ प्रयोजनका लागि नगरपालिकाको जे.सि.वि लोडर प्रयोगलाई प्राथमिकता दिई रु ३२५ प्रति ट्रयाक्टर लोड गर्दाको भाडा लिने।

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

(च.) निजी एवं सार्वजनिक जगगामा ढुङ्गा-माटो उत्खननका लागि माग भई आएको खण्डमा कुन-कुन स्थानमा उत्खनन् गर्न दिने र उत्खनन् गर्न दिन कानूनी प्रकृया के कसरी पूरा गर्ने भन्ने विषयमा स्थलगत अध्ययन गरी ४५ दिन भित्र प्रतिवेदन पेश गर्न देहाए अनुसारको समिति गठन गर्ने ।

संयोजक -श्री होमनाथ पौडेल, वन-वातावरण समिति

सदस्य - श्री तिल प्रसाद काफ्ले, संयोजक-पूर्वाधार समिति

सदस्य - श्री कृष्ण बहादुर के.सी., संयोजक-आर्थिक विकास समिति

सदस्य - श्री एकदेव पौडेल, संयोजक-विधायन समिति

सदस्य - श्री सुरेश कुमार रानाभाट, वडा अध्यक्ष- वडा नं. १५

सदस्य - श्री गणेश शर्मा चालिसे, वडा अध्यक्ष- वडा नं. १७

सदस्य - श्री गणेश शर्मा चालिसे, वडा अध्यक्ष- वडा नं. १७

सदस्य - श्री लोक प्रसाद भुर्तेल वडा अध्यक्ष- वडा नं. १२

सदस्य सचिव - श्री भीष्म राज पौडेल कर्मचारी

(छ.) नगरपालिका भित्र अभिलेखिकरण हुन बाँकी घरहरु अभिलेखिकरण गर्न आव्हान गरी वडा कार्यालयहरु मार्फत सबै टोल विकास संस्थाहरुमा सूचना सम्प्रेषण गरी प्रचार-प्रसारको व्यवस्था मिलाउने । साथै विधालय लगाएतका सार्वजनिक, सामुदायिक र निजि संस्थाका भवनहरु अभिलेखिकरणका लागि सम्बन्धित शाखाहरुले पत्राचार गरी नियमित फलोअप गर्ने ।

(ज.) कच्चिघर टहराहरुको हकमा सम्बन्धित वडा कार्यालय र पक्किघर/भवन लगायतका संरचनाहरु नगरपालिकाके अनुमति विना निर्माण गर्न नपाउने विषायमा व्यापक सूचना सम्प्रेषण गर्ने र यसको अनुगमन वडा-कार्यालयहरुले नियमित रुपमा गर्ने ।

(झ.) नगरकार्यपालिका र नगर-सभाका सवै सदसुयहरुले आफूले नगरपालिकालाईतिर्न बुझाउन बाँकी कर भएमा यथाशिघ्र बुझाई नगरपालिकामा जानाकारी गराउने र वडा कार्यालय लगाएत सवै निर्वाचित जनप्रतिनिधिहरुले नगरबासीहरुलाइ तिर्न-बुझाउन बाँकी कर तिर्नका लागि आ-आफ्नो ठाँउबाट पहल गर्ने ।

५. चालु आ.व के स्वीकृत वार्षिक-कार्यक्रममा व्यवस्था भएको म्याचिङ फण्ड (समपूरक कोष)बाट रकम व्यहोर्ने गरी ल.ई सम्पन्न भएका देहाएका झोलुङ्गे पुलहरुको निर्माण कार्य अगाडी बढाउने ।

क. नयाँ छाप वडा नं. ६

ख. धनन्जय भञ्जाङ्ग वडा नं. ६र ८

ग. घुमाउरी पार्क वडा नं. ९

६. केही निजी तथा सामुदायिक विद्यालयले विहान ७ बजेदेखि नै विद्यार्थीहरु ओसारपसार गर्ने कार्य गरेको भन्ने गुनासो प्राप्त हुन आएकोले सो सम्बन्धमा के भएको हो सामाजिक विकास समिति र शिक्षा शाखाले नियमित अनुगमन गरी सुधार गर्न लगाउने ।

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद कोइराला
नगर प्रमुख

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

५-१

७. देवचुली-१० स्थित वडा कार्यलय परिसरमा रहेको साविक प्रगतिनगर गाँउ पञ्चायतका नाममा रहेको करिब ४ बिगाहा क्षेत्रफल रहेको जग्गाको लालपुर्जा रहेको तर मालपोत कार्यालयको अभिलेखमा श्रेष्ता नभेटिएकाले कार्यालयबाट पत्राचार समेत भइसकेको सो जग्गाको आवश्यक व्यवस्थापनका लागि श्रीमान् नगर प्रमुख र वडा नं. १० का वडा अध्यक्ष श्री रेप्ति कुमार घर्ती ज्यूलाई जिम्मा दिने।

८. यस नगरपालिकाकका जग्गाहरु वर्गीकरण गर्ने कार्यका लागि परामर्शदाता सँग सम्झौता भई कार्य भइरहेको निजको सम्झौता अवधि समाप्त भइसकेको र कार्य सम्पन्न हुन अझै थप समय आवश्यक पर्ने भएकोले २०८० माघ मसान्त सम्मका लागि म्याद थप गर्ने।

९. पशु सेवा शाखाबाट कुकुरको बन्ध्याकरण सम्बन्धी कार्यक्रम कार्यान्वयनमा लैजाने साथै विद्यालय स्तरमा रेविज रोग सम्बन्धी जनचेतना कार्यक्रम संचालन गर्दा सकेसम्म सबै विद्यालय समिटिने गरी गर्न पशु शाखालाई निर्देशन दिने ।

१०. यहि मंसीर ७ मा पर्न गएको हरिबोधनी एकादशीका अवसरमा स्थानीय विदा दिइएकोमा सो विदालाई अनुमोदन गर्ने।

११. देवचुली जेसिस द्वारा देवचुली डाँडा पर्यटन महोत्सव, २०८० कार्यक्रम संचालनको लागि प्रस्ताव पेश भई यस कार्यालयबाट कार्यक्रम संचालनको लागि रु ७ लाख उपलब्ध हुने गरी २०८०/०७/१४ मा सम्झौता भएकोमा वार्षिक बजेट किताबको सि.नं. ५७ बाट रु १ लाख, सि.नं. २५४ बाट रु १ लाख र सि.नं. ५८ बाट रु ५ लाख सहित जम्मा रु ७ लाख उपलब्ध गराउने।

१२. बहुक्षेत्रीय पोषण योजना अन्तर्गत चालु आ.व. का लागि देहाय बमोजिमको कार्य योजना स्वीकृत गर्ने।

**रकम रु हजारमा**

| क्र.स. | विषयगत क्षेत्र | क्रियाकलाप | ईकाइ | प्रति इकाइ मुल्य | जम्मा रकम | श्रोत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | नेपाल सरकार | नगरपालिका |
| १. | शासकीय प्रवन्ध | नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक | ३ पटक | २५ | ७५ | | ७५ |
| | | वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक | ५१ पटक | | १०० | | १०० |
| | | वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका सदस्यहरुकालागी बहुक्षेत्रीय पोषण सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन | ४ स्थानमा | | २०० | २०० | |
| | | नपा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति मार्फत् पोषण कार्यक्रमहरुको संयुक्त अनुगमन | १ पटक | | २१५ | ५ | १६५ |
| | | पोषण स्वयंसेवकको मासिक जिवन निर्वाह भत्ता | लगातार | | ३०८५ | | ३०८५ |
| | | बालबालिकाको पोषण भत्ता उपयोग सम्बन्धी अभिभावक अभिमुखिकरण | २ स्थान | १० | २० | २० | |

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | महिला तथा बालबालिका | महिला सहकारी समुहमा आयआर्जनका लागी अनुदान | १ स्थान | | ६२५ | ६२५ | |
| | | महिला सहकारी समुहमा आयआर्जनका लागी अनुदान प्राप्त गर्ने सुनौला हजार दिनका आमाहरुका लागी व्यवसायीक तालिम | १ स्थान | | ५० | | ५० |
| ३. | खानेपानी सरसफाई | सुनौला हजार दिनका आमाहरुकालागी सरसफाई सम्बन्धी सचेतना कार्यक्रम | १ स्थान | | ५० | | ५० |
| ४. | स्वास्थ्य | पोषण सामाग्री ढुवानी | | | ३० | ३० | |
| | | ओटीसीको स्थापना तथा सुदृढीकरण /पोषण लेखाजोखा | | | ५० | ५० | |
| | | पोषण मैत्री स्वास्थ्य संस्था | | | ५० | ५० | |
| | | पोषण कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण | | | २० | २० | |
| | | जम्मा | | | १६००।- | १०००।- | ६००।- |

१३. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको जग्गा नापजाँच प्रयोजनको लागि आवश्यक पर्ने टोटल स्टेशन मेशिन सेट (४ थान) भाडामा लिइएकोमा सम्झौता म्याद असोज मसान्तमा समाप्त भएकोमा कार्य सम्पन्न हुन बाँकी रहेकोले मंसीर ४ बाट साविककै शर्त (प्रतिदिन रु २४६३.३४) बमोजिम माघ मसान्त सम्मका लागि (२ थान) मेशिन सेटको सम्झौता अवधी थप गर्ने।

१४. फोहरमैला व्यवस्थापन सम्बन्धमा हालको लागि प्रबन्ध गरिएको अस्थायी संकलन केन्द्रमा फोहर थप संकलन गर्न कठिनाई परेको छ। त्यसैगरी औषधीजन्य हानिकारक फोहरमैला संकलंन तथा औद्योगिक फोहर संकलनका लागि थप छलफल गरी शुल्क निर्धारण गर्ने। दीर्घकालीन व्यवस्थापनको लागि निजि क्षेत्रबाट व्यवस्थापन गर्ने गरी प्राप्त प्रस्ताव विज्ञ परामर्शदाता समेतको परामर्श बमोजिम अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने।

१५. व्यवसाय कर उठाउने सम्बन्धमा नगरपालिकाको अभिलेखबाट वडागत दर्ता विवरण सम्बन्धित वडालाई उपलब्ध गराउने र नयाँ व्यवसाय दर्ता/नविकरण वडा कार्यालयले अनुगमन गरी कर संकलनको दायरामा वृद्धि गर्ने।

१६. देवचुली डाँडा पर्यटन पदमार्ग निर्माणका लागि टुरिज्म वोर्ड नेपालको ४८% र नगरपालिकाको ५२% प्रतिशत लागत सहभागिता हुने गरी प्रस्ताव सम्झौता गर्ने र सोको लागि लाग्ने रकम देवचुली डाँडामा पूर्वाधार विकासका लागि छुट्याइएको रकम रु ८ लाख र बाँकी रकम समपूरक कोषबाट व्यहोर्ने ।

१७. सडक वोर्ड नेपालबाट सडक मर्मतका लागि उपलब्ध हुने (७०% लागत अन्तर्गत ६५ लाख र नगरपालिकाको साझेदारी अन्तर्गतको ३०% लागत मध्ये हुन आउने २८ लाख को) योजना छनौट पूर्वाधार समितिले स्थलगत गरी प्राथमिकताको आधारमा कार्यान्वयनमा लैजाने।

१८. नगरकार्यपालिकाबाट २०८०/०७/०२ मा स्वीकृत भएका देवचुली नगरपालिकाको पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०८०, साइलेज उद्योग संचालन कार्यविधि, २०८० र सहकार्यमा साइलेज उद्योग संचालन निर्देशिका, २०८० राजपत्रमा प्रकाशन गर्ने।

१९. चालु आर्थिक बर्षका लागि नगरसभाबाट स्वीकृत बार्षिक कार्यक्रम प्राथमिकीकरणका लागि एक हप्ता-भित्र सवै वडाहरुले वडा समितिमा छलफल गरी तयारी गर्ने र अर्को हप्ताबाट कार्यपालिकाले प्राथमिकीरकरणको कार्य अगाडि बढाउने ।

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

२०. विविध.

क. देवचुली-१२ बस्ने युवराज भुर्तेल स्नातक तह अध्ययनका लागि घरको आर्थिक अवस्था कमजोर रहेको र निज दृष्टि बिहीन भएकोले छात्रवृत्ति रकम स्वरुप रु ३५ हजार उपलब्ध गराउने।

ख. नारी साहित्य समाज, देवचुली-१५ लाई कला-साहित्य प्रवर्द्धन र विकास गरे वापत सहयोग रकम स्वरुप रु २० हजार उपलब्ध गराउने।

ग. ३२औं अपाङ्गता दिवश मनाउनका लागि नगरपालिकाको आयोजना र सर्वोदय संस्थासँग सहकार्य गर्ने गरी पेश हुन आएको प्रस्ताव बमोजिम कार्यक्रम संचालन गर्न माहिला तथा वालवालिका शाखाबाट रु १ लाख र खेलकुद विकास शाखाबाट रु १ लाख ८६ हजार ९ सय रकम उपलब्ध गराउने।

घ. नेपाल राष्ट्रिय अभिभावक संघको गण्डकी प्रदेश भेलामा सहभागी हुनका लागि यातायात खर्च माग भएकोमा रु २५ हजार उपलब्ध गराउने।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत